




अर्जेन्टिनाले गोल आत्मसात गरेपछि निरास बन्दै डिएगो म्याराडोना। म्याराडोनाले अर्जेन्टिनालाई १९८६ को विश्वकपको उपाधि दिलाएका थिए। यसपछि अर्जेन्टिनाले विश्वकपको दुई फाइनल (१९९० र २०१४) खेले पनि हार बेहोरेको थियो।

# च्याम्पियन जर्मनीले जित्नै पर्ने

डिफेन्डिङ च्याम्पियन जर्मनीले समूह 'एफ' अन्तर्गत दोस्रो चरणको खेलमा शनिबार स्वीडेनको सामना गर्दैछ। पहिलो खेलमा मेक्सिकोसँग १-० को स्तब्ध नतिजा बेहोरेको फिफा वरियताको शीर्ष टोली जर्मनीका लागि २४औं वरियताको स्वीडेनविरुद्धको खेल धेरै अर्थमा महत्त्वपूर्ण बनेको छ।

एक त डिफेन्डिङ च्याम्पियनको साख जोगाउने अनि अर्कोतर्फ समूह चरण पार गर्ने चुनौती। हुन त सन् १९८२ को विश्वकपको पहिलो खेलमा पनि जर्मनी अल्जेरियासँग पराजित भएको थियो। तर उक्त संस्करणमा जर्मनीले फाइनलसम्मको यात्रा गरेको थियो। यसपटक पनि इतिहास नदोहोरिएला भन्न सकिन्न। तर त्यसका लागि जर्मनीका चर्चित खेलाडीले शतप्रतिशत प्रदर्शन गर्न जरुरी छ।

३ विश्वकपमा १४ सट अन टार्गेटमै १० गोल गरेका थोमस मुलर स्वीडिस डिफेन्सका लागि टाउको दुखाइ बन्न सक्छन्। पहिलो म्याच हारेपछि मुलरले आगामी दुवै खेल जर्मनीले जित्नुपर्ने दबाब रहेको बताएका छन्।

यस्तै स्वीडेनले आफ्नो पहिलो खेलमा दक्षिण कोरियालाई १-० ले हराउँदै ३ अंक जोडिसकेको छ। जित आवश्यक रहे बलियो जर्मनीविरुद्ध स्वीडेनले बराबरी खेल्ने रणनीति लिन सक्छ। स्वीडेनका विन्गर एमिल फोर्सबर्गले जर्मनीविरुद्धको खेललाई निकै कठिन मानेका छन्।

### हेड टु हेड

यी २ टोलीले एकअर्काविरुद्ध ३६ पटक खेलेका छन्। जसमध्ये जर्मनीले १५ खेल जितेको छ भने स्वीडेनले १३ खेल आफ्नो पक्षमा पारेको छ। यस्तै ८ खेलमा भने दुवैले बराबरीको नतिजा निकालेका छन्।

Vs

तर उनले जर्मनीलाई जितको लागि दबाब हुने भएकाले त्यसको फाइदा लिने बताए। यस्तै स्वीडेनका डिफेन्डर पोन्टूस जन्सनले जर्मनीविरुद्धको खेलमा पहिलो मिनेटदेखि नै हामी सतर्क हुनुपर्ने बताए।

मेक्सिकोसँग हारेको जर्मनी टिमका पुरै खेलाडी अहिले जितका लागि भौतारिरहेको बताइएको छ। जर्मनी टोली सन् १९३८ यता अहिलेसम्म समूह चरणबाट बाहिरिएको छैन। एकातिर थोमस मुलर, टोनी क्रुस र मेसूट ओजिलले स्वीडिस डिफेन्सको अग्निपरीक्षा लिनेछन् भने अर्कोतिर मिडफिल्डर लिन्डेलोफ र स्ट्राइकर मार्कसबर्गको समन्वयले जर्मनी डिफेन्सलाई कुनै पनि बेला स्तब्ध पार्न सक्नेछ। प्रशिक्षक जोचिम लोले सम्भावित ४-२-३-१ को रणनीतिमा उतार्ने जर्मनीविरुद्ध स्वीडेनले ४-३-२-१ को रणनीति अवलम्बन गर्न सक्नेछ।



# बेल्जियम जितलाई निरन्तर दिने धुनमा

समूह 'जी' को दोस्रो चरणको खेलअन्तर्गत शनिबार हुने खेलमा फिफा वरियताको तेस्रो स्थानको बेल्जियमले २१औं वरियताको ट्यूनीसियाको सामना गर्दैछ। समूह 'जी' को पहिलो खेलमा विश्वकपको नवप्रवेशी टोली पानामालाई ३-० ले हराएर इडेन हजार्डको कप्तानीमा रहेको बेल्जियमले उपाधिमाथि बलियो दाबेदारी प्रस्तुत गरेको छ।

उक्त खेलको पहिलो हाफ गोलविहीन बनेको बेल्जियमले दोस्रो हाफमा लय भेटाएको थियो। यो समेत दोस्रो हाफमा बेल्जियमले गोलको खाता खोलेको खेल संख्या ११ पुगेको छ। उक्त खेलपछि कप्तान हजार्डले हाम्रो आशा ठूलो रहेकाले क्रमिकरूपमा राम्रो नतिजा निकाल्दै जाने बताएका थिए।

उनले भने- 'हाम्रा समर्थकले हामीबाट ठूलो आशा राखेका छन्, त्यसैले समूह चरणका सबै खेल उत्तिकै महत्त्वपूर्ण छ।'

पहिलो खेलमा बल पोजिसनमा राम्रो देखिएको बेल्जियमले ट्यूनीसियालाई दबाबमा राख्न सक्नेछ। समूहमा ३ अंक जोडिसकेकाले तुलनात्मकरूपमा ट्यूनिसियाभन्दा बेल्जियमलाई दबाब कम हुने निश्चित छ। बेल्जियमका डिफेन्डर थोमस भर्मालिन भने ट्यूनीसियाविरुद्धको खेलमा पनि मैदानमा देखिने छैनन्। चोटमुक्त भएका भर्मालिनलाई बेल्जियमका प्रशिक्षक रोबेर्टो मार्टिनेजले इंग्ल्यान्डविरुद्ध हुने समूहको अन्तिम खेलमा मात्र मैदानमा उतार्ने बताए।

बेल्जियमका कप्तान हजार्डका साथै असिस्ट किंगले परिचित केभीन डे ब्रुने तथा पानामाविरुद्ध २ गोल गरेका रोमेलु लुकाकु अली मलोलसहितको ट्यूनीसियाको रक्षापंक्तिलाई व्यस्त पार्नेछ।

यता पहिलो खेलमा इंग्ल्यान्डसँग अन्तिम क्षणमा २-१ ले पराजित भएको ट्यूनीसियालाई बेल्जियमविरुद्ध जित नै आवश्यक रहेको छ। समूहमा बेल्जियम र इंग्ल्यान्डले समान ३-३ अंक जोडिसकेकाले ट्यूनिसियालाई दबाब बढेको हो। यदि बेल्जियमसँग कुनै अंक जोड्न नसकेमा ट्यूनिसियाको विश्वकप यात्रा लगभग समाप्त हुनेछ भने बेल्जियम अन्तिम १६ का लागि छनोट हुनेछ।

इतिहासलाई हेर्ने हो भने १९७८ मा मेक्सिकोलाई ३-१ ले हराए यता खेलेको पछिल्ला १२ विश्वकप म्याचमा ट्यूनीसियाले जितको अनुहार देखेको छैन। बेल्जियमविरुद्धको खेलमा भने ट्यूनीसियाको पहिलो रोजाइका गोलरक्षक मोएज हस्सेन हुने छैनन्। इंग्ल्यान्डविरुद्धको खेलमा काँधमा चोट बोकेका उनी उपचारका लागि स्वदेश फर्किसकेका छन्।

सम्भवत: बेल्जियमविरुद्ध रक्षात्मक रणनीतिमा उत्रने ट्यूनीसियाले फ्रेन्च लिगका चर्चित खेलाडी सेफ एडी खाओइ र सन्डरल्यान्डका पूर्वखेलाडी हावी व्हाबी खजरीको काउन्टर अट्याकलाई प्राथमिकतामा राख्न सक्नेछ। सम्भावित ३-४-२-१ को रणनीतिमा उत्रने बेल्जियमविरुद्ध ट्यूनीसियाले ४-२-३-१ को रणनीति अवलम्बन गर्न सक्नेछ।



### हेड टु हेड

यसअघि यी २ टिमले एकअर्काविरुद्ध ३ म्याच खेलेका छन्। जसमध्ये दुवैले समान १-१ खेल जितेका छन् भने एक खेल बराबरीमा टुंग्याएका छन्।

Vs

## अंक तालिका

समूह 'ए'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| रुस | २ | २ | - | - | ८ | १ | ६ |
| उरुग्वे | २ | २ | - | ० | २ | ० | ६ |
| इजिप्ट | २ | - | - | २ | १ | ४ | ० |
| साउदी अरेबिया | २ | - | - | २ | ० | ६ | ० |

समूह 'बी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| पोर्चुगल | २ | १ | १ | - | ४ | ३ | ४ |
| स्पेन | २ | १ | १ | - | ४ | ३ | ४ |
| इरान | २ | १ | - | १ | १ | १ | ३ |
| मोरोक्को | २ | - | - | २ | - | २ | ० |

समूह 'सी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| फ्रान्स | २ | २ | - | - | ३ | १ | ६ |
| डेनमार्क | २ | १ | १ | - | २ | १ | ४ |
| अस्ट्रेलिया | २ | - | १ | - | २ | ३ | १ |
| पेरु | २ | - | - | २ | ० | २ | ० |

समूह 'डी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| क्रोयसिया | २ | २ | - | - | ५ | ० | ६ |
| नाइजेरिया | २ | १ | - | १ | २ | २ | ३ |
| आइसल्यान्ड | २ | - | १ | १ | १ | ३ | १ |
| अर्जेन्टिना | २ | - | १ | १ | १ | ४ | १ |

समूह 'ई'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| ब्राजिल | २ | १ | १ | - | २ | ० | ४ |
| सर्बिया | १ | १ | - | - | १ | - | ३ |
| स्विजरल्यान्ड | १ | - | १ | - | ० | ० | १ |
| कोस्टारिका | २ | - | - | २ | ० | ३ | ० |

समूह 'एफ'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| मेक्सिको | १ | १ | - | - | १ | ० | ३ |
| स्वीडेन | १ | १ | - | - | १ | ० | ३ |
| दक्षिण कोरिया | १ | - | - | १ | ० | १ | ० |
| जर्मनी | १ | - | - | १ | ० | १ | ० |

समूह 'जी'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| बेल्जियम | १ | १ | - | - | ३ | ० | ३ |
| इंग्ल्यान्ड | १ | १ | - | - | २ | १ | ३ |
| ट्युनिसिया | १ | - | - | १ | १ | २ | ० |
| पानामा | १ | - | - | १ | ० | ३ | ० |

समूह 'एच'

| टोली | MP | W | D | L | GF | GA | PTS |
|---|---|---|---|---|---|---|---|
| जापान | १ | १ | - | - | २ | १ | ३ |
| सेनेगल | १ | १ | - | - | २ | १ | ३ |
| पोल्यान्ड | १ | - | - | १ | १ | २ | ० |
| कोलम्बिया | १ | - | - | १ | १ | २ | ० |

## आजको खेल

बेल्जियम Vs (जी) ट्युनिसिया
समय : बेलुकी ५:४५ बजे/ स्थान : ओत्कृति एरेना, मस्को

दक्षिण कोरिया Vs (एफ) मेक्सिको
समय : राति ८:४५ बजे/ स्थान : रोस्तोभ एरेना, रोस्तोभ-अन-डन

जर्मनी Vs (एफ) स्वीडेन
समय : राति ११:४५ बजे/ स्थान : फिश्त ओलम्पिक स्टेडियम, सोची

## फुटबल खेल: सन् १३८९ सम्म

(स्रोत: साधना, अंक -४, वर्ष - १, फागुन २०४८

युरोपमा फुटबललाई प्रारम्भिकरूपमा 'मब फुटबल' भनिन्थ्यो। यसमा दुवैतर्फका खेलाडीको संख्या सय, २ सय र कहिलेकाहीं त ५ सयसम्म पनि हुन्थ्यो। खेल मैदानको पनि कुनै सीमा थिएन। एक गाउँदेखि दोस्रो गाउँसम्मको माइलौंको दुरी पनि खेलको मैदान हुन सक्थ्यो। खेलको कुनै निश्चित नियम पनि थिएन। गन्तव्यस्थानसम्म भकुन्डो लैजानका लागि लात, मुक्की, इत्यादि सबै चल्थ्यो। यस खेलमा धेरै खेलाडी घाइते हुन्थे।

सोर्‍हौं शताब्दीका एक लेखकले लेखेका छन् कि यस खेलको कारणले अक्सर झगडा, मारपीट, दंगा, रक्तपात र कहिलेकाहीं त हत्यासम्म पनि हुने गर्थ्यो। गर्धन, हात, खुट्टा र करंगको हाड भाँचिनु साधारण घटना मानिन्थ्यो। कसैको आँखा नै बाहिर निस्कन्थ्यो त कसैको नाकबाट रगतको फोहरा छुट्थ्यो। त्यसैले सन् १३१४ मा आएर एडवर्ड द्वितीयले लन्डनका गल्लीमा यो खेल खेल्न मनाही गरिदिए। अन्तमा रिचार्ड द्वितीयले सन् १३८९ मा यस खेललाई गैरकानुनी नै घोषित गरिदिए।

## फ्रेन्ड्स क्लब सेमिफाइनलमा

काठमाडौं, (नेस)

अनिल महर्जनको २ गोलको सहयोगमा जित हात पार्दै फ्रेन्ड्स क्लब जारी ललित स्मृति यु-१८ फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा पुगेको छ।



शुक्रबार एन्फा कम्प्लेक्समा भएको समूह 'डी' को अन्तिम खेलमा फ्रेन्ड्सले मनाङ मर्स्याङ्दी क्लबलाई २-१ गोलअन्तरले हराएको थियो। अनिलले १२औं मिनेटमा गोल गरेर ललितपुरे टोलीलाई अग्रता दिलाए। तर नवल गुरुङले २३औं मिनेटमा गोल गरेर मनाङलाई बराबरीमा ल्याएका थिए। अनिलले नै ७६औं मिनेटमा गोल गरेपछि ८ अंकका साथ फ्रेन्ड्स समूह विजेता बन्दै अन्तिम ८ मा पुग्यो।

अर्को खेलमा हिमालयन शेर्पा क्लबले ५-१ गोलअन्तरले जित्दै सुदूरपश्चिम फुटबल क्लबलाई अर्को चरण पुग्न रोक्यो। शेर्पा अन्तिम ४ मा पुग्न अनिल आले र सन्जय धिमालले २-२ गोल गरेका थिए। त्यस्तै दिवस उरुउले १ गोल थप्दा सुदूरका लागि राजीव चौधरीले सान्त्वना गोल फर्काएका थिए।

